# बैठक संख्या - १३

आज मिति २०८२/१०/२० गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितिमा बसी देहाय बमोजिम निर्णय पारित गरियो।

उपस्थिति

| क्र.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २ | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ३ | श्री नारद सिंह उर्याल | सदस्य | |
| ४ | श्री दुर्गा प्रसाद चौधरी | सदस्य | |
| ५ | श्री विर बहादुर खड्का | सदस्य | |
| ६ | श्री ईन्द्र बहादुर खड्का | सदस्य | |
| ७ | श्री गौरी देवी पाध्या | सदस्य | |
| ८ | श्री हर्कमती पाध्या | सदस्य | |
| ९ | श्री तारा देवी गिरी | सदस्य | |
| १० | श्री बसन्ती सुनार | सदस्य | |
| ११ | श्री चेतराम माली | सदस्य | |
| १२ | श्री मिना सुनार | सदस्य | |
| १३ | श्री रामकृष्ण वि.क. | सदस्य सचिव | |

CamScanner

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बेलडाँडी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बेलडाँडी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या- १३/ २०८२-०८३/मिति २०८२/१०/२० गते

प्रस्ताव नं. १ संघीय सरकार समपूरक र विशेष अनुदानका आयोजना / कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

निर्णय नं. १: प्रस्ताव नं.१ माथि छलफल गर्दा आर्थिक वर्ष २०८३/८४ मा बेलडाँडी गाउँपालिकामा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि संघीय सरकार समपूरक र विशेष अनुदानका लागि तपशिलका योजना प्रस्ताव पेश गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

सङ्घीय समपुरक अनुदान तर्फका योजनाहरु

क) बेलडाँडी गौडी देखी वडा नं. ५,४,३ र १ हुँदै गाउँपालिका जोड्ने सडक कालोपत्रे (क्रमागत/निरन्तरता)

ख) वडा नं. २ बसपार्क देखी वडा नं.१ बेलडाँडी बजार हुँदै वडा नं. ३ खैरीघाट चौराह सम्म सडक स्तरोन्नती ।

ग) वडा नं. २ ओमशान्ति देखी ढकनीया हुँदै वडा नं. ३ बैवाह राधाकृष्ण मन्दिर सम्म सडक स्तरोन्नती

सङ्घीय विशेष अनुदानका योजनाहरु

क) वडा नं. १ र ४ मा घेरबार सहितको खानेपानी ट्याङ्की निर्माण ।

ख) बेलडाँडी कुल्लाह ताल संरक्षण तथा पहुँचमार्ग स्तरोन्नती ।

ग) कृषकहरुका लागि कृषि उपकरण तथा सामग्री ।

प्रस्ताव नं. २ तराई-मधेश समृद्धि कार्यक्रमका योजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

निर्णय नं. २: प्रस्ताव नं.२ माथि छलफल गर्दा आर्थिक वर्ष २०८३/८४ मा बेलडाँडी गाउँपालिकामा तराई-मधेश समृद्धि कार्यक्रम (संघीय सरकार शसर्त अनुदान) अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि तपशिलका योजनाहरु प्राथमिकताका आधारमा प्रस्ताव आव्हान गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

क) बेलडाँडी २ चवन्नी बजार देखी वडा नं. ४ कान्छीबजार जोड्ने सडक कालोपत्रे (क्रमागत/निरन्तरता)

ख) नवज्योति बोर्डिङ स्कूल देखी वडा नं. १ को नवनिर्मित वडा कार्यालय भवन हुँदै भिम भट्टको घर हुँदै कालिका आ वि सम्म सडक कालोपत्रे तथा स्तरोन्नती ।

ग) वडा नं. ३ बाघटोल पिपल चौतारा देखी कालिका मन्दिर लेटा टोल, बनपुरवा टोल हुँदै जनजाति संग्रहालय जोड्ने सडक स्तरोन्नती ।

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

...गाउँपालिकाको कार्यालय
बेलडाँडी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

रामप्र... वि.क.
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ३ सडक बोर्ड नेपाल सँगको साझेदारीमा सञ्चालन गरिने योजना सम्बन्धमा ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा सडक बोर्ड नेपाल बाट प्राप्त बजेटमा पालिका बाट रकम थप गरि तपशिलका योजनाहरुमा बजेट विनियोजन गरि कार्यान्वयन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

क) जनजाति संग्रहालय देखी बनपुरवा हुँदै बेलौरी -१० जोड्ने सडक मर्मत तथा स्तरोन्नती – रु.६,००,०००/-

ख) वडा नं. १ र २ जोड्ने लेटाको बाढीले क्षति पुर्याएको सडकमा ग्रेभल तथा मर्मत- रु.६,००,०००/-

ग) वडा नं. २ बैजनाथ मन्दिर देखी खैरीघाट नहर सम्म सडक ग्रेभल- रु.५,७५,०००/-

प्रस्ताव नं. ४ निर्माण कार्यका लागि स्थान एकिन गर्ने सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा पूर्वाधार विकास कार्यालय, सुदुरपश्चिम प्रदेश सरकारको प.स. २०८२/०८३ , च.नं. ७३० र मिति २०८२/१०/१९ गतेको को पत्र मार्फत सडक कालोपत्रेको ठेक्का भई निर्माण कार्य सञ्चालन गर्नुपर्ने भएकोले स्थान एकिन गरि खुलाई पठाईदिन अनुरोध भए बमोजिम बेलडाँडी –२ चवन्नी बजार देखी बेलडाँडी वजार सम्मको सडक खण्डको विश्वकर्मा मन्दिर नजिक बाट पुराने कालोपत्रे सडक खण्ड सम्म ४७८ मि. लम्बाईको सडक निर्माण गर्न सकिने र ४.५ मि. चौडाई भएको पुरानो जिर्ण कालोपत्रे सडक लाई ७ मि. चौडाईमा विस्तार गरि योजना कार्यान्वयन गर्न सम्बन्धित निकायलाई स्थान खुलाई लेखी पठाउने सर्वसम्मतिले निर्णय गरियो ।

प्रस्ताव नं. ५ आर्थिक सहायता सम्बन्धमा ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा बेलडाँडी ३ बस्ने गौरव गिरीको सडक दुर्घटनामा गम्भिर चोटपटक लागेको र घरको आर्थिक अवस्था समेत कमजोर भएको हुँदा उपचार खर्च बापत रु.६०,०००/- आर्थिक सहायता दिने सर्वसम्मतिले निर्णय गरियो ।

प्रस्ताव नं. ६ कार्यविधि निर्माण सम्बन्धमा ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकामा स्वीकृत दरबन्दी भन्दा बाहेकका करारका कर्मचारीहरुलाई विस्थापत गरिएका कर्मचारीहरुलाई प्रोत्साहन रकम भुक्तानी गर्न "बेलडाँडी गाउँपालिका सामाजिक परिचालक सेवा सम्मान तथा प्रोत्साहन कार्यविधि,२०८२" निर्माण गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

रामप्र... वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रस्ताव नं.७ प्रदेश सरकार समपूरक र विशेष अनुदानका योजना/कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धमा ।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा आर्थिक वर्ष २०८३/८४ मा बेलडाँडी गाउँपालिकामा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रदेश सरकार समपूरक र विशेष अनुदानका लागि तपशिलका योजनाहरु प्राथमिकताका आधारमा प्रस्ताव आव्हान गर्ने सर्वसम्मतले निर्णय पारित गरियो।

प्रदेश समपुरक अनुदानका योजनाहरु

क) नवज्योति स्कुल देखी नवनिर्मित वडा कार्यालय भवन हुँदै मनोज बोहराको घरबाट कालिका स्कूल सम्म सडक कालोपत्रे तथा स्तरोन्नति (क्रमागत योजना)

ख) बेलडाँडी ग्लोबल पिपल चौतारा देखी दुर्गा चौराह, खैरीघाट चौराह हुँदै बेलौरी वडा नं. ९ जोड्ने सडक कालोपत्रे तथा स्तरोन्नती ।

ग) बेलडाँडी वडा नं. ४ कान्छीबजार देखी वडा कार्यालय हुँदै शिवमन्दिर देखी वडा नं. ५ जोड्ने गौडी सम्म सडक स्तरोन्नती योजना ।

प्रदेश विशेष अनुदानका योजनाहरु

क) १५ शैय्या अस्पतालका लागि शवबाहन र एम्बुलेन्स खरीद तथा आधारभूत स्वास्थ्य सेवाका लागि X-Ray मेशिन तथा प्रयोगशाला सामग्री खरीद ।

ख) बेलडाँडी गा.पा. वडा नं.१ मा साना सिंचाई निर्माण (क्रमागत)

ग) सामुदायिक विद्यालयका लागि शौचालय तथा खानेपानी संरचना निर्माण र डिजिटल बोर्ड खरीद

प्रस्ताव नं.८ कक्षा ५ को वार्षिक परीक्षा सञ्चालन सम्बन्धमा ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा कक्षा ५ को पालिका स्तरीय वार्षिक परीक्षा सञ्चालन गर्न पालिकास्तरमा गठन भएको कक्षा ८ को आधारभूत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिलाई परीक्षा सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी दिने निर्णय सर्वसम्मतले निर्णय गरियो ।

प्रस्ताव नं.९ योजना कार्यान्वयनका लागि स्थान एकिन गर्ने सम्बन्धमा ।

निर्णय नं.९: प्रस्ताव नं.९ माथि छलफल गर्दा बेलडाँडी गाउँपालिकाकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रममा जब्दा (दलदल) ड्रेन निर्माण शिर्षकमा विनियोजित रकम रु.२०,००,०० ले तपशिलका स्थानहरुमा दलदल नियन्त्रणका लागि ड्रेन निर्माण गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

क) वडा नं. ३ को कालोपुलिया नजिक

ख) वडा नं. ३, ४ र ५ को सीमानामा काठेपुलिया नजिक

ग) वडा नं.१ र २ सीमामा नन्दन विष्टको घर नजिकको नहर छेउमा

घ) वडा नं.५ को साविक वडा नं.८ को लाटा मन्दिर नजिक

राजव.ग्रा वि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. १०: प्रस्ताव नं.१० माथि छलफल गर्दा बेलडाँडी गाउँपालिका अन्तर्गत कमरी खिष्टियन चर्च, बलिदान चर्च सिमलडाँडा र सावनको डोला कार्यक्रम संचालन खर्च कला,धर्म तथा संस्कृति प्रवर्द्धन गर्न प्रति कार्यक्रम रु.१०,०००/- का दरले तिन वटै समूहलाई आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं.११ आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

निर्णय नं. ११: प्रस्ताव नं.११ माथि छलफल गर्दा वेलडाँडी गाउँपालिकाका वडा नं. १ बस्ने धर्मराज जोशीलाई सडक दुर्घटनामा परेकाले आर्थिक सहायता बापत रु. २०,०००/- प्रदान गर्ने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं.१२ पुराना र जीर्ण भवन भत्काउने सम्बन्धमा ।

निर्णय नं. १२: प्रस्ताव नं.१२ माथि छलफल गर्दा वेलडाँडी गाउँपालिकाका वडा नं. ५ वडा कार्यालयमा रहेको जीर्ण अवस्थामा रहेको सभाहल र गणेश मा.वि. भुर्षामा रहेको जीर्ण भवन प्राविधिक प्रतिवेदन सहित भतकाउने सर्वसम्मतले निर्णय पारित गरियो ।

प्रस्ताव नं. १३ योजना माग सम्बन्धमा ।

निर्णय नं. १३ प्रस्ताव नं. १३ माथि छलफल हुँदा बेलडाँडी गाउँपालिकाको आन्तरीक श्रोत न्यून भएकाले आफ्नै श्रोतले पूर्वाधार विकासका कार्य गर्न नसक्ने भएको हुँदा देहायका योजना मागका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | वेलडाँडी गा.पा. वडा नं.१ सरस्वती मा.वि. झर्नासागर विद्यालय नजिक झरनाखोलामा भंक्तिएको कल्भर्ट निर्माण | वेलडाँडी गा.पा. वडा नं. १ | |
| २. | वेलडाँडी गा.पा. वडा नं.२ र ३ जोड्ने भोग्ला नालाको साघा घाटमा पक्की पुल निर्माण | वेलडाँडी गा.पा. वडा नं.२ र ३ | |
| ३. | वेलडाँडी गा.पा. वडा नं.२ मा बस पार्क निर्माण | वेलडाँडी गा.पा. वडा नं. २ | |
| ४. | वेलडाँडी गा.पा. वडा नं.२ गौडीमा खेल मैदान निर्माण | वेलडाँडी गा.पा. वडा नं. २ | |
| ५. | वेलडाँडी गा.पा. वडा नं.५ गणेश मा.वि. भुर्षा देखि ईमिलिया हुदै वडा नं.४ वैबाह सम्मको बाटो स्तरोउन्नती | वेलडाँडी गा.पा. वडा नं. ४ र ५ | |
| ६. | वेलडाँडी गा.पा. वडा नं.५ झिलमिला शिव मन्दिर देखि वडा नं.४ को वडा कार्यालय सम्म सडक स्तरोन्नती | वेलडाँडी गा.पा. वडा नं. ४ र ५ | |
| ७. | वेलडाँडी गा.पा. वडा नं.३ सिमल डाँडीपुल देखि दुर्गा चौराहा हुदै वडा नं.४ सरस्वती मा.वि. सम्म बाटो कालोपत्रे | वेलडाँडी गा.पा. वडा नं. ३ र ४ | |
| ८. | वेलडाँडी गा.पा. वडा नं.२ बसपार्क देखि ढकनिया हुँदै वडा नं. ४ सम्मको बाटो स्तरउन्नती | वेलडाँडी गा.पा. वडा नं. २ र ४ | |
| ९. | वेलडाँडी गा.पा. वडा नं.२ चवन्नी बजार देखि पानी टंकी हुँदै वडा नं.१ वडा कार्यालय सम्मको बाटो स्तरउन्नती | वेलडाँडी गा.पा. वडा नं. २ र ४ | |
| १०. | वेलडाँडी गा.पा. वडा नं.२ सिंहपाल विद्यालय नजिक देखि वडा नं.१ सम्मको बाटो स्तरउन्नी | वेलडाँडी गा.पा. वडा नं. १ र २ | |
| ११. | वेलडाँडी गा.पा. वडा नं.३ कमरी देखि नहर हुँदै वडा नं. १ सम्म बाटो स्तरउन्नती | वेलडाँडी गा.पा. वडा नं. १ र ३ | |
| १२. | वेलडाँडी गा.पा. वडा नं.३ खैरिघाट चौराहा देखि बलराम टोल हुँदै वडा नं. ५ सम्मको बाटो स्तरउन्नती | वेलडाँडी गा.पा. वडा नं. ३ र ५ | |
| १३. | वेलडाँडी गा.पा. वडा नं.५,२ र १ मा शुक्लाफाँटा रा.नि. र मानव वस्ती बिचमा सोलार वत्ती जडान | वेलडाँडी गा.पा. वडा नं. १,२ र ५ | |
| १४. | वेलडाँडी गा.पा. वडा नं.५ को साविक चौधर नदि बग्ने ठाउँमा नहरमा स्केब निर्माण | वेलडाँडी गा.पा. वडा नं. ५ | |
| १५. | वेलडाँडी गा.पा. वडा नं.३, ४ र ५ को सिमाना काठपुलिया देखि दुर्गा चौराहा सम्म सडक कोलोपत्रे | वेलडाँडी गा.पा. वडा नं. ३, ४ र ५ | |
| १६. | वेलडाँडी गा.पा. वडा नं.४ श्री सरस्वती मा.वि. मा छात्राबासको लागि भवन निर्माण | वेलडाँडी गा.पा. वडा नं. ४ | |
| १७. | वेलडाँडी गा.पा. वडा नं.५ श्री गणेश मा.वि. भुर्षा पार्खल निर्माण | वेलडाँडी गा.पा. वडा नं. ५ | |

CamScanner